National News

16/6/2024

**मुख्य समाचार:-**

- विनाशकारी भूकम्पमा प्राण गुमाउनेहरूलाई श्रद्धांजलि
- गृहमन्त्रीले जम्मू-कश्मीर सुरक्षा व्यवस्थालाई लिएर उच्च स्तरीय बैठकको गर्नुभयो अध्यक्षता
- **आपराधिक न्यायिक प्रणाली प्रशासनमा भारतको प्रगतिशील पथ'** शीर्षकमा भयो सम्मेलन
- ओडिशा मन्त्रिमण्डल सदस्यको छुट्ट्याइयो विभाग
- मंगन जिल्लामा पहिरोमा अलपत्र परेका पर्यटकहरूलाई निकाल्ने काम जारी ।

**प्रधानमन्त्री- स्मृतिवन यूनस्को**

प्रधानमन्त्री श्री नरेन्द्र मोदी, गृहमन्त्री श्री अमित शाह र गुजरातका मुख्यमन्त्री श्री भूपेन्द्र पटेलले गुजरातको भुजमा बनेको **स्मृतिवन भूकम्प स्मृति संग्रहालय को** चयन **यूनसको प्रिक्स वर्साई संग्रहालय का** लागि गरिएकोमा खुशी व्यक्त गर्नुभयो। प्रधानमन्त्रीले सोशल मीडिया पोस्टमा भन्नुभयो, स्मृति-वन दुई हजार एकमा आएको विनाशकारी भूकम्पमा आफ्नो प्राण गुमाउनेहरूलाई श्रद्धांजलि-स्वरूप छ। श्री मोदीले भन्नुभयो, यो मनुष्यको जिजीविषा र साहस प्रति एक विनम्र स्मरण पनि हो । गृहमन्त्री श्री अमीत शाहले भन्नुभयो, स्मृति-वनको चयन गरिनमा भुजको भूकम्प तर्फ सारा विश्वको ध्यान आकर्षित हुनेछ ।गुजरातका मुख्यमन्त्री श्री भूपेन्द्र पटेलले भन्नुभयो, यो गुजरातका लागि गर्वको क्षण हो किनभने यो पहिलो अवसर हो जब गुजरातलाई कुनै संग्रहालयको वैश्विक मान्यता मिलेको छ ।

**20 पीएम- मन की बात**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले यस महीनाको तीस तारीख आकाशवाणीमा 'मन की बात' कार्यक्रममा देश-विदेशका मानिससंग आफ्नो विचार साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको एक सय एघाह्रौं प्रकरण हुनेछ। श्री मोदीलाई लगातार तेस्रो पल्ट प्रधानमन्त्रीका रूपमा चुनिए पछि मन की बात कार्यक्रम भएको यो पहिलो पल्ट हुनेछ । यस कार्यक्रमका लागि श्रोता टोल फ्री नम्बर एक आठ, सुन्य सुन्य, एघाह्र, सात आठ, सुन्य सुन्य –को माध्यमले आफ्नो विचार अनि सुझाव दिनसक्नुहुनेछ। तपाई आफ्नो विचार नरेन्द्र मोदी एप वा My Gov Open Forum –का माध्यमले अनलाइनपनि साझा गर्न सक्नुहुनेछ। अठआइस जून सम्म पठाइएको सुझाव र विचारलाई यस कार्यक्रममा शामेल गरिनेछ।

## अमित शाह - अमरनाथ यात्रा

केन्द्रय गृह मन्त्री श्री अमित शाह अमरनाथ यात्राको तयारीको जायजा लिनका लागि नयाँ दिल्लीमा उच्च स्तरीय बैठकको अध्यक्षता गर्नु हुँदैछ। राष्ट्रीय सुरक्षा सलाहकार श्री अजीत डोभाल, जम्मू कश्मीरका उप-राज्यपाल श्री मनोज सिन्हा, केन्द्रीय गृह सचिव श्री अजय भल्ला, सेना प्रमुख जरनल श्री मनोज पाण्डे र पदेन सेना प्रमुख जनरल श्री उपेन्द्र द्विवेदी समेत सेना र प्रशासनका वरिष्ठ अधिकारीहरूले बैठकमा भाग लिनुहुदैछ। वार्षिक अमरनाथ यात्रा यस महीनाको उनतीस तारीख शुरू भएर उन्नाइस अगस्ट सम्म चल्नेछ।
यस अघी गृहमन्त्री श्री अमित शाहले जम्मू-कश्मीरको सुरक्षा व्यवस्थालाई लिएर उच्च स्तरीय बैठकको अध्यक्षता गर्नुभयो।

## ओडिशा - नए मुख्यमंत्री

ओडिशाका मुख्यमन्त्री श्री मोहन चरण माँझीले आफ्नो मन्त्रिमण्डलका सदस्यलाई विभाग छुट्टयाइदिनुभयो। मुख्यमन्त्रीले गृह, वित्त, प्रशासन, लोक शिकायत, सूचना एवं जनसम्पर्क, जल संसाधन र योजना विभाग आफूसंगै राख्नुभएको छ। उप-मुख्यमन्त्री श्री कन कवर्धन सिंहदेवलाई कृषि अनि किसान सशक्तिकरण तथा ऊर्जा मंत्रालयको जिम्मेबारी दिइएको छ। उप-मुख्यमन्त्री श्रीमती पार्वती पारिदालाई महिला एवं बाल विकास, मिशन शक्ति र पर्यटन मन्त्रालय दिएको छ। सुश्री पारिदा राज्य की एकमात्र महिला मन्त्री पनि हुनुहुन्छ। भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री सुरेश पुजारीलाई राजस्व र आपदा प्रबन्धन तथा श्री रबि नारायण नायकलाई ग्रामीण विकास, पंचायती राज र पेयजल मन्त्रालय प्राप्त भएको छ। श्री मांझीले पछिलो बुधवार राज्यमा भाजपाको पहिलो मुख्यमन्त्रीका रूपमा शपथ ग्रहण गर्नु भएको थियो।

## 28 आईएएफ- रेड फ्लैग अभ्यास

भारतीय वायु सेनाको एउटा भागले अमरीकाको अलास्कामा आयोजित रेड फ्लयाग दुई हजार चौबीस अभ्यासमा भाग लियो। यस अभ्यासको यो दोस्रो संस्करण थियो। यो एउटा उन्नत हवाई युद्ध प्रशिक्षण अभ्यास हो, जो अमेरिकी वायु सेना द्वारा वर्षमा चार पल्ट आयोजित गरिन्छ। यस अभ्यासमा भारतीय वायु सेनाका साथ-साथ सिंगापुर गणराज्य वायु सेना, ब्रिटेनको रोयल वायु सेना, रोयल नीदरल्याण्ड वायु सेना, जर्मन लूफ़्ट वाफ़े र अमेरिकी वायु सेनाको भागीदारी रह्यो। यसमा भारतीय वायुसेना दलको राफेल विमान र वायुसैनिक, टेक्निशियन, इन्जीनीयर, नियन्त्रक र विशेषज्ञले भाग लिए। भारतीय वायुसेनाको राफेल विमानले भाग लिएको यो पहिलो अवसर थियो।

## सरकार-तीन नयाँ कानून

सरकारले **'आपराधिक न्यायिक प्रणाली प्रशासनमा भारतको प्रगतिशील पथ'** शीर्षकमा आज कलकत्तामा सम्मेलनको आयोजना गर्यो। केन्द्रीय विधि र न्याय मन्त्री श्री अर्जुन राम मेघवालले सम्मेलनको उदघाटन गर्नुभयो। उहाँले भन्नुभयो , तीन नयाँ अपराधिक कानून मानिसलाई चाँडो न्याय दिलाउनका लागि बनाइएको छ। उहाँले भन्नुभयो , देशको स्थिति र समय अनुसार कानूनम बदलावको आवश्यकता हुन्छ। श्री अर्जुन राम

मेघवालले भन्नुभयो , देशका केही वर्गका तर्फबाट, ब्रिटिश कालका यी कानूनमा परिवर्तनको मांग गरिदैथियो । यसै मांगलाई स्वीकारैर यी कानूनमा बदलाव गरिएको हो । तीनबटा नयाँ कानून - **भारतीय न्याय संहिता दुई हजार तेइस, भारतीय नागरिक सुरक्षा संहिता- दुई हजार तिस र भारतीय साक्ष्य अधिनियम- दुई हजार तेइस** जुलाई एक तारीखदेखी लागू हुनेछ। यसले मानिसलाई समयमा छिटो अनि त्रुटिमुक्त न्याय मिल्नेछ।

## सिक्किम-बचाव कार्य

सिक्किमको मंगन जिल्लाको लाचुङ्गमा झरी र बाढले सड़क बन्द भएर फसेका पर्यटकहरूलाई निकाल्ने काम जारी छ । राज्यका पर्यटन र नागर विमानन मन्त्री श्री छिरिङ्ग थेन्डुप भुटियाले यस बचाव कार्यको व्यक्तिगत रूपमा रेखदेख गर्नु हुँदैछ । ख़राब मौसमका कारण बचाव कार्यका लागि सड़क र हवाई मार्गका सबै विकल्पमा विचार गरिदैछ। मुख्यमन्त्री श्री प्रेम सिंह तमाङ्गले हिजो मल्ली बाजार को यात्रा गरेर बाढ़ले भएको क्षतिको जायजा लिनुभयो र सिंचाई विभागका साथ बचावको उपायबारे चर्चा गर्नुभयो। उहाँले मनसून पछि बाढ़ रोक्नका लागी स्थायी वाल बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। हिजो सिक्किमको सड़क र पुल विभाग तथा केन्द्रीय सड़क परिवहन एवं राजमार्ग मन्त्रालय बीच एक उच्चस्तरीय बैठक भयो, जसमा राष्ट्रीय राजमार्ग दसमा घरी- घरी हुने व्यवधानको समाधान र ऊर्जा परियोजनामा चर्चा भयो।

## 32 सीबीआईसी-धोखाधड़ी अभियान

सी.बी.आई.सी-ले देशमा बढ्दो वित्तीय धोखाधड़ीको घटनासंग जुझ्नका लागी मल्टी-मोडल जागरूकता अभियान शुरू गरेको छ । अभियानमा आम जनतालाई समाचार पत्र, मोबाइल सन्देश, ईमेल र सोशल मीडिया सहित अन्य माध्यमसंग वित्तीय धोखाधड़ीको जालसंग बाच्नका लागि जागरूक गरिदैछ। सीबी.आई.सी –ले भनेको छ, यस्ता धेरै घटना अघाडी आएको छ जहाँ धोखेबाज मानिसले आफैलाई भारतीय सीमा शुल्क अधिकारी बताएर देश भरीमा जनतासंग पैसा ठग्दछन् । यो धोखाधड़ी मुख्य रूपमा फोन कल अथवा एस.एम.एस जस्तो डिजिटल माध्यमको उपयोग गरेर गरिन्छ र उनीहरूलाई पैसा दिएन भने जुर्माना लग्छ भनी मानिसलाई डर दैखाउदैछन् ।